# गुलरिया नगरपालिका

# स्थानीय राजपत्र

गुलरिया नगरपालिकाद्धारा प्रकाशित

वर्ष १  गुलरिया, श्रावण ०१ गते,२०७५ साल

## भाग-२

**गुलरिया नगरपालिका  नगरकार्यपालिका को सुचना**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गुलरिया नगरपालिकाको नगरकार्यपालिकाले मिति २०७५/०२/०५ मा जारि गरेको कार्यविधि/नियामावलि/निर्देशिका सर्वसाधारणको जानकारिको लागि स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ।

संवत २०७५ सालको कार्यविधि न. ४

गुलरिया नगरपालिकाको पशु सेवा कार्यक्रम संचालन कार्यविधि,२०७५

आज्ञाले,

रामचन्द्र पौडेल

प्रमुख प्रशासकीय अधिकृत

# गुलरिया नगरपालिकाको (पशु सेवा कार्यक्रम) संचालन कार्यविधि, २०७५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) मा रहेको व्यवस्था अनुरुप पशु स्वास्थ्य तथा पशु सेवा विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यानवयन गर्न नगरसभा वाट यो कार्यविधि बनाएको छ ।

<u>नगरसभा वाट स्विकृत मितिः 2075/03/32 गते</u>

परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नामः "गुलरिया नगरपालिकामा पशु सेवा विकास सम्वन्धि कार्यक्रम संचालन कार्यविधि, २०७५" हुनेछ ।

(ख) यो कार्यविधि गुलरिया नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गुलरिया नगरपालिका सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गुलरिया नगपालिका कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गुलरिया नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ङ) "पशु सेवा शाखा" भन्नाले नगरपालिका मातहतको पशु सेवा हेर्ने शाखा लाई सम्झनु पर्छ ।

(च) "शाखा प्रमुख" भन्नाले गुलरिया नगरपालिकाको पशु सेवा शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्दछ ।

(छ) "पशु विकास कार्यदल" भन्नाले गुलरिया नगर कार्यपालिकाको प्रमुखको नेत्रित्वमा गठन भएको कार्यदल सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, कृषि भुमि व्यवस्था तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

परिच्छेद २

गुलरिया नगरपालीकामा पशु सेवा अन्तर्गत संचालन हुने कार्यक्रमहरु

- पशु स्वास्थ्य सेवा कार्यक्रम
- पशु नश्ल सुधार कार्यक्रम
- पशु आहारा विकास कार्यक्रम
- पशु सेवा प्रविधि बिस्तार तथा तालीम कार्यक्रम
- युवा लक्षित पशु उत्पादन कार्यक्रम
- पशुपन्छी तथा पशुपन्छी जन्य पदार्थको बजारीकरण कार्यक्रम

संचालन हुने कार्यक्रमका उद्येश्यहरु

- पशुपन्छीमा हुने रोगहरुको निदान तथा उपचार गर्ने ।
- पशुपन्छीमा हुने संक्रामक रोगहरु फैलन नदिने ।
- पशुहरुमा गाई भैसी बाख्रा कृत्रिम गर्भाधानको माध्यम वाट नश्ल सुधार गरि उत्पादकत्वमा बृद्धि गर्ने ।
- भैसीमा मुर्रा र बाख्रामा बोयर जातको भाले वाट नश्ल सुधारका लागी प्राकृतिक गर्भाधानको व्यवस्था मिलाउने ।
- पशु तथा पशुजन्य उत्पादन लागत घटाउन बाहै महिना हरियो घाँस उत्पादनमा जोड दिने ।
- पशु आहाराका लागि कृजि जन्य उपपदार्थको प्रयोग गरि पशु पोषण स्वास्थ्यमा विकास गर्ने ।
- युवा जनशक्तीहरु लाई स्थानिय क्षेत्रमा नै पशुपन्छी पालन तथा पशुपन्छी जन्य उत्पादनमा लाग्नका लागि प्रोत्साहन गर्ने ।
- कृषकको गोठ खोरमा उत्पादित बस्तुहरुको बजारीकरणका लागी सहयोग गर्ने ।

१ <u>पशु स्वास्थ्य सेवा कार्यक्रम:</u>

(क) गुलरिया नगरपालीका पशु सेवा शाखा। केन्द्र वाट पशु उपचार कक्ष (डिस्पेन्सरी) संचालन हुनेछ । जसवाट यस नगरक्षेत्र अन्तर्गत बसोवास गर्ने कृषकहरुका पशुपन्छी हरुको नियमित उपचार तथा प्राविधिक परामर्ष सेवा उपलव्ध गराईने छ ।

(ख) डिस्पेन्सरी वाट मेडिकल उपचार, माईनर सर्जिकल, गाईनोक्लोजिकल, पशु वन्ध्याकरण, प्रयोगशाला (गोबर र दुध) परिक्षण र कृत्रिम गर्भाधान सेवाहरु प्रदान गरिनेछ ।साथै नगरपालीका क्षेत्र अन्तर्गत रहेका पशुहरुमा निम्नअनुसारको खोप सेवा संचालन गरिने छ ।

| | |
|---|---|
| गाई, भैसीमा | HSBQ र FMD |
| बाख्रा, भेडामा | PPR |
| बंगुरमा | Swine Fever |
| कुकुरमा | Rabies |

(ग) पशुहरुमा संक्रामक तथा महामारि जन्य रोगहरु देखिएमा सोको रोकथाम र नियन्त्रणका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरि संचालन गरिने छ ।

२ <u>पशु नश्ल सुधार कार्यक्रम:</u>

पशु नश्ल सुधार कार्यक्रम अन्तर्गत गाई भैसी र बाख्रमा नियमित कृत्रिम गर्भाधान सेवा उपलव्ध गराउनको लागि आवश्यक सिमेन, तरल नाईट्रोजन र आवश्यक अन्य लजिष्टिक सामाग्रीको व्यवस्थापन गरिने छ ।साथै पशु पालक कृषकहरुलाई स्थानिय स्तरमा उन्नत जातका राँगो साँढे र बोका वितरण गरि सोबाट प्रजनन गराई नश्ल सुधार गरिनेछ ।

३ <u>पशु आहारा विकास कार्यक्रमः</u>

पशु आहारा विकास कार्यक्रम अन्तर्गत पशु पालक कृषकहरुलाई हरियो घाँसमा आधारीत पशु पालनमा प्रोत्सहान गरिने छ । नियमित हरियो घाँस उत्पादनका लागी सिजन अनुसारका हिउदे, बर्षे, बहुबर्षे, घाँसका बिउ/बेर्ना तथा सेट/स्लिप वितरण गरिनेछ । घरका छेउछाउ आलीकान्ला कुलो तथा खोलाको किनार आदिमा लागउनको लागि विभिन्न जातका डाँले घाँसका बेर्नाहरु वितरण गरिने छ । बाहै महिना हरियो घाँस उत्पादन गर्नका लागि निम्न अनुसारको लागत सहभागीतामा घाँसको विउ उपलव्ध हुनेछ ।

| | |
|---|---|
| हिउदे बर्षिम घाँसको विउ | 50 प्रतिशत अनुदानमा |
| बर्षे मकैचरी/एमपी चरी घाँसको विउ | 80 प्रतिशत अनुदानमा |
| डाँले घाँसका बिरुवा/सेट्स/स्लिप | निशुल्क |

४ <u>पशु सेवा प्रविधि बिस्तार तथा तालीम कार्यक्रमः</u>

पशु सेवा प्रविधि तथा तालीम कार्यक्रम अन्तर्गत पशुपन्छी पालक कृषक/उद्यमी/समुह/सहकारी हरुलाई निजको आवश्यक्ता र माग बमोजिमका तालीम तथा स्थलगत अवलोकन भ्रमण कार्यक्रमहरु संचालन गरिनेछ ।

५ <u>युवा लक्षित पशु उत्पादन कार्यक्रम</u>

युवा लक्षित पशु उत्पादन कार्यक्रम अन्तर्गत यस नगरपालीका क्षेत्रभित्र स्थाई बसोवास गर्ने २१ बर्ष देखि ५० बर्ष सम्म उमेरका युवा युवतीहरुलाई पशुपालन कर्यमा सहभागी गराई स्वरोजगारी सृजना हुने तथा पशुजन्य उत्पादनमा टेवा पुग्ने किशिमका कार्यक्रमहरु संचालन गरिने छ।युवाहरुलाई बैदेशिक रोजगारीमा जान निरुत्साहित गरि व्यवसायीक फार्महरु संचालन तथा सुदृढिकरण गर्नका लागि सुचना प्रकाशित गरि प्रस्ताव आव्हान गरिने छ । उद्यमीको फार्म संचालन तथा सुदृढिकरण कार्ययोजना बमोजिम अधिक्तम रु. 200000/- (दुई लाख) सम्म अनुदान सहयोग उपलव्ध उपलव्ध गराईने छ । साथै व्यवसाय उन्मुख साना किसान हरुलाई निजको गोठ/खोर सुधारका लागी स्विकृत कार्क्रम अनुसार अधिक्तम रु. 25000/- का दरले अनुदान उपलव्ध गराईने छ । जस वाट साझेदारिमा कम्तिमा ५ वटा गाईभैसी, ३० वटा बाख्रा वा ५ वटा

माउ बंगुर पालन गर्न सकिने किशिमको टिन वा टालीको टानो र भुई ढलान गरिएको सुधारीएको गोठ/खोर निर्माण गर्नु पर्नेछ ।

६ <u>पशुपन्छी तथा पशुजन्य पदार्थको बजारीकरण कार्यक्रम</u>

पशुपन्छी तथा पशुपन्छी जन्य पदार्थको बजारीकरण कार्यक्रम अन्तर्गत यस नगरपालीका लगायत अन्य सरोकारवाला निकायहरुमा नियमानुसार दर्ता भई संचालनमा रहेका पशु जन्य उत्पादन दुध फूल र मासु को बिबिधिकरण तथा बजारीकरणमा टेवा पुग्ने खालक कार्यक्रमहरु निजि सरकारी साझेदारी अनुसार ५०/५० प्रतिशतको लागत सहभागीतामा संचालन गरिने छ । यस्ता कार्यक्रमहरु संचालन गर्नका लागी ३० दिन अवधिको सुचना प्रकाशित गरि प्रस्ताव आव्हान गरिने छ ।

## विविध

<u>नगर स्तरिय पशु विकास कार्यदल (MLAT) सम्वन्धि व्यवस्थाः</u> यस नगरपालीका वाट संचालन गरिने पशु सेवा सम्वन्धि कार्यक्रमलाई व्यवस्थित तवरले संचालन र कार्यानवयन गर्न निम्न अनुसारको १४ सदस्यीय नगर स्तरिय पशु विकास कार्यदल रहने छ ।

| | |
|---|---|
| अध्यक्षः नगर प्रमुख | १ जना |
| सदस्यः वडा अध्यक्ष | १२ जना |
| सदस्य सचिवः पशु सेवा शाखा | १ जना |

<u>अनुगमन तथा मुल्याङकनः</u> संचालीत कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन नगरस्तरिय पशु विकास कार्यदल तथा अन्य सरोकारवालाहरु वाट गरिने छ ।

<u>प्रचलित कानुन लागु हुनेः</u> पशु सेवा विकास कार्यक्रम कार्यानवयनको सम्वन्धमा प्रचलित एन, कानुनमा (संघीय र पार्देशिक) उल्लेख भएकोमा सोहि बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यानवयन हुनेछ । साथै नगरपालीका वाट यस अधि पशु सेव विकास संम्वन्धि संचालन भए गरेका कार्यहरु समेत यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

__कार्यविधि संशोधन तथा परिमार्जनः__ नगर कार्यपालीकाले यस कार्यविधिमा समय सापेक्ष आवश्यक परिमार्जन एवम् संशोधन गर्नेछ ।

__खारेजी र बचाउः__ यस अघि आ. ब. 2074/75 मा नगरसभा वाट स्विकृत पशु सेवा बिकास सम्वन्धि संचालन भएका कार्यहरु समेत यसै बमोजिम भएको मानिने छ ।

अनुसुचीहरु

(क) नियमित पशुपन्छी उपचारका लगी उपलव्ध हुने औषधिहरु तथा उपकरणहरुः

| क्र.स. | बिवरण | स्पेसिफिकेशन | कैफियत |
|---|---|---|---|
| 1 | Thromater | Glass/Dig | |
| 2 | Siger/forcape | L/S | |
| 3 | Gug/Cotton | 400 gm | |
| 4 | AI Shet/Glove | L/S | |
| 5 | Meloxicam/Para Cetamol Inj | 100 ml | |
| 6 | Oxytetracycline - LA Inj | 100 ml | |
| 7 | Gentamycin Inj | 100 ml | |
| 8 | Enrofloxacin inj | 100 ml | |
| 9 | Chlorpheniramine Inj | 100 ml | |
| 10 | Dexamethone Inj | 10 ml | |
| 11 | Vit B Complex inj | 100 ml | |
| 12 | PPF Inj | 40 lak Iu | |
| 13 | Ampicillin Inj | 2.5 gm | |
| 14 | Ivermaction Inj | 50 ml | |
| 15 | Acriflavin/GV. | 15 gm | |
| 16 | Hesporine Pow. | 100 gm | |
| 17 | Phenol | 1000 ml | |
| 18 | T.T. Oil liq | 450 ml | |
| 19 | Himax/Chrimal | 50 gm | |
| 20 | Glyciren liq | 450 ml | |
| 21 | Betadin liq | 450 ml | |
| 22 | Alum/Borax/Soda bi carb | 400 hm | |
| 23 | Prajana/Banjana Cap | 6 Cap Sachet | |
| 24 | Cofacu Tab | 20 Tab Tub | |
| 25 | Cortimaxazole | 1500 mg | |
| 26 | Albendazole | 200/600 mg | |
| 27 | Febendazole Liq | 1000 ml | |
| 28 | Oxyclozanide Bolus | 1500 mg | |
| 29 | Lab Related Equpment (Slide,Cover,M.blue,CMT) | | |

(ख) पशुपन्छी उपचारका लागी लाग्ने सेवा शुल्कः

| क्र.स | बिवरण | सेवा | लाग्ने शुल्क |
|---|---|---|---|
| १ | *पशुपन्छी दर्ता शुल्क* | गाई/भैसी | 10/- |
| | | बाख्रा/भेडा | 5/- |
| | | कुकुर | 25/- |
| | | कुखुरा/हाँस | 5/- |
| २ | *प्रयोगशाला* | गोबर परिक्षण | 10/- |
| | | दुध(थुनेलो) परिक्षण | 10/- |
| ३ | *बन्ध्याकरण* | राँगा/साढे | 10/- |
| | | बोका | 10/- |
| ४ | *कृत्रिम गर्भाधान* | गाई/भैसी/बाख्रा | 25/- |
| ५ | *गर्भ परिक्षण* | गाई/भैसी | 25/- |

(ग) पशु सेवा तालीम सम्वन्धि व्यवस्थाः (नगर स्तरिय/गाँउ स्तरिय)

| क्र.स | बिवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | तालीम सहभागी संख्या | २५ जना | |
| २ | तालीम सेसन संख्या | ४ सेसन (१ घण्टा ३० मिनेट/सेसन) | |
| ३ | प्रशिक्षक पारिश्रमिक | रु. 1500/- प्रति सेसन | |
| ४ | सहभागी भत्ता | रु. 500/- प्रति सहभागी | |
| ५ | स्टेशनरी | रु. 100/- प्रति सहभागी | |
| ६ | नास्ता | रु. १५०/- प्रति सहभागी | |
| ७ | तालीम सामाग्री | रु. 2500/- प्रति तालीम | |

**(घ) साझेदारी कार्यक्रम संचालन गर्ने तथा अनुदान उपलब्ध गराउने प्रयोजनका लागी कृषक/समुह/सहकारी छनौट गर्दा अपनाईने आधारहरुः**

| क्र.स. | आवेदकको नाम | ठेगाना | कार्य योजना (५०) | व्यवसायको सम्भाव्यता /उपयुक्तता (४०) | अनुभव/तालीम (१०) | कुल अंक (१००) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**स्थलगत अनुगमनकर्ताहरुको नामः**

**पदः**

**दस्तखतः**

प्रमाणीकरण मिती:२०७५/०४/०१

आज्ञाले

रामचन्द्र पौडेल

प्रमुख प्रशासकीय अधिकृत